परमप्रभुका दूतहरू

छोटो मिसनरी जीवनी

# अल्बर्ट लेरोय शेल्टन



जन्म : सन् १८७५-०६-०९
जन्म स्थान : अमेरिका
दर्शन स्थल : चीन, तिब्बत
निधन : सन् १९२२-०२-१७

चिनियाँ र तिब्बतीहरू बिचको शत्रुता धेरै शताब्दीहरू अगिदेखिको हो। सन् १९०० को पहिलो दशकमा बाथङ क्षेत्रमा चिनियाँ सेनापतिले तिब्बतीहरूलाई उनीहरूको विद्रोहको लागि निर्दयतापूर्वक दण्ड दिइरहेका थिए। उनीहरूको हातखुट्टा काटेर रगत बगाएर मर्न छोडियो। त्यो अति दुर्गम क्षेत्रमा आइपुगेका एक जना मिसनरीले गम्भीर चोट लागेका मानिसहरूलाई उपचार गर्न अनुमति माग्दै जनरलसँग सम्पर्क गरे। आश्चर्यचकित जनरलले मिसनरीलाई किन उनीहरूको उपचार गर्न चासो राख्नुभयो भनेर सोधे, जबकि विद्रोहीका आफ्नै देशवासीहरूले चासो दिएनन्। मिसनरीले जवाफ दिनुभयो, "मेरो प्रभु, मेरो लागि पनि त्यस्तै गर्नुभएको थियो।" त्यो मिसनरी अल्बर्ट लेरोय शेल्टन हुनुहुन्थ्यो, जो तिब्बतका लागि अग्रगामी मिसनरी हुनुहुन्थ्यो। सुसमाचारद्वारा प्रतिबोधित त्यो जनरल पछि अल्बर्टको भाइ जस्तै हुनुभयो।

एक साधारण परिवारमा जन्मेका अल्बर्टको आत्मिक अनुशासनमा पालनपोषण भएको थियो, र उहाँ नियमित रूपमा चर्च जाने गर्नुहुन्थ्यो। उहाँले सन् १८९९ मा फ्लोरा बीलसँग विवाह गर्नुभयो, र सन् १९०३ मा आफ्नो चिकित्सा अध्ययन पूरा गर्नुभयो। त्यही वर्ष उहाँ फरिन ख्रीष्टियन मिसनरी सोसाइटी (FCMS) द्वारा चीनमा मिसनरीको रूपमा नियुक्त हुनुभयो। उहाँको नियुक्तिपछि FCMS ले उहाँलाई तिब्बत मिसनमा डा. सुसाना कार्सनलाई मद्दत गर्न अनुरोध गऱ्यो, जसमा उहाँ सहजै सहमत हुनुभयो।

चीनमा डा. शेल्टनले आफ्नी श्रीमती र डा. कार्सनसँग हिमशृङ्खलाको दुर्गम इलाकामा कठिन यात्रा गर्नुभयो र सन् १९०४ मा तिब्बत सीमा नजिकको कङ्दिङ (ताचिएन्लु) पुग्नुभयो। उहाँले तिब्बती र चिनियाँ भाषा सिक्नुभयो र सुसमाचार प्रचार गर्न थाल्नुभयो। उहाँले बिरामी र घाइतेहरूलाई उपचार गर्न चीन-तिब्बत सिमाना छेउ छेउमा यात्रा गर्नुभएको थियो। तिब्बतको राजधानी ल्हासा पुग्ने लक्ष्यका साथ उहाँले बाथङमा मिसन स्थल स्थापना गर्नुभयो। सन् १९०९ मा मेडिकल मिसनरी जेनास सानफोर्ड लोफ्टिस शेल्टनसँग काम गर्न आउनुभयो, तर आएको दुई महिना पछि टाइफस ज्वरले उहाँको मृत्यु भयो र उहाँलाई बाथङमा नै गाडियो।

सन् १९१० मा डा. शेल्टनको परिवार आर्थिक समस्याले अमेरिका फर्कियो। बाथङदेखि ८९ दिन यात्रा गरेर उहाँहरू सान फ्रान्सिस्को पुग्नुभयो। उहाँले विदेशमा FCMS को मिसन कामको विस्तारको लागि कोष जुटाउने अभियानमा अमेरिकाभरि व्यापक रूपमा सभाहरूमा बोल्नुभयो र मानिसहरूले उहाँलाई "मिसनरी-नायक" भनी भन्न थाले। उहाँकी श्रीमती फ्लोराले आफ्नो पहिलो पुस्तक "सनशाइन एन्ड श्याडो अन द टिबेटन बोर्डर (तिब्बती सिमानामा सूर्यको-प्रकाश र छाया) " प्रकाशित गर्नुभयो। खाम क्षेत्रमा भइरहेको युद्ध र अराजकताले सन् १९१३ सम्म शेल्टन परिवारलाई चीन फर्कन ढिलाइ भयो। उहाँहरू जुलाई सन् १९१४ मा दुई अन्य FCMS मिसनरी परिवारहरू ओग्डेन र हार्डिससँग बाथङ फर्कनुभयो। उहाँले तिब्बतीहरूसँगको लडाइँमा घाइते भएका चिनियाँ सैनिकहरूलगायत विभिन्न प्रकारका बिरामीहरूको पनि उपचार गर्दै तिब्बतीहरू बसोबास गर्ने ठुलो क्षेत्रमा व्यापक यात्रा गर्नुभयो।

सिमानामा सेवा गर्नु खतरनाक थियो किनभने चिनियाँ सैनिक वा लुटेराहरूको हातमा पर्ने सक्ने उच्च सम्भावना थियो। सन् १९२० मा अल्बर्टलाई डाँकुहरूले अपहरण गरे र दुई महिनासम्म यातना दिए। यो घटनापछि उहाँ निको हुन अमेरिका फर्कनुभयो। नेसनल जियोग्राफिक पत्रिकाले सन् १९२१ मा उहाँको एउटा लेख "पूर्वी तिब्बतका जनताबिच जीवन" प्रकाशित गऱ्यो र सोही वर्ष उहाँको पुस्तक पायनियरिङ इन तिब्बत प्रकाशित भयो। तर सन् १९२१ को अन्तमा मिशन जारी राख्न उहाँ चाँडै नै बाथङ फर्कनुभयो। उहाँकी श्रीमती उहाँसँगै चीन जानुभयो, तर बाथङमा जानुभएन। उहाँहरूका दुई छोरीहरू विद्यालय अध्यापनको लागि अमेरिकामा नै रहे। शेल्टनको उद्देश्य अन्ततः ल्हासा पुग्नको लागि तिब्बतको भित्री भागहरूमा मिसनहरू स्थापना गर्नु थियो। पहिलो कदमको रूपमा मार्कम (आज "गाटुओ टाउन" भनिन्छ) तिर यात्रा सुरु गर्नुभयो। सन् १९२२ फेब्रुअरी १६ मा मार्कम जाने बाटोमा उहाँलाई बाथङ बाहिर केही माइल टाढा चिनीयाँ लुटेराहरूले आक्रमण गरे। लागेको गोलीको चोटले केही दिनपछि ४७ वर्षको उमेरमा उहाँको मृत्यु भयो, र उहाँको मृत शरीरलाई बाथङमा नै गाडियो।

....., पेट्रस रिजनहार्ट, जेनास, सुसाना, शेल्टन, सुन्दर सिंह, .... सूचिको सुरु पनि हामीलाई थाहा छैन न त अन्त, यसरी कैयौँले आफ्नो जीवन तिब्बतको लागि बिउको रूपमा दिइसके। अब फसलका प्रभुलाई प्रार्थना गर्ने कर्तव्य हामीमाथि छ भन्ने कुरालाई नबिर्सौं।